
# आम जनता पार्टी (AJP)



# घोषणा-पत्र

# आम जनता पार्टी (AJP)

## अपील



**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

अहिले मुलुक विषम परिस्थितिबाट गुज्रिरहेको छ। दुई-तिहाइको सरकार बर्खास्त र संसद् विघटन भएको छ। जेनजी आन्दोलनमा दर्जनौं नागरिकले ज्यान गुमाएका छन्, सयौं घाइते भएका छन् र खर्बौंको सम्पत्ति नष्ट भएको छ। विक्रम संवत् २०८४ मा हुनुपर्ने आम निर्वाचन अहिले २०८२ मै गर्नुपर्ने बाध्यता सिर्जना भएको छ। गलत नेतृत्व र खराब व्यवस्थाले जनता निराश, देश बर्बाद एवं अर्थतन्त्र धराशायी हुँदै छ। यस संकटपूर्ण घडीमा भइरहेको यो विशेष निर्वाचनमा तपाईं-हाम्रो ध्यान विशेष ढङ्गले नै केन्द्रित हुनु जरुरी छ।

आज देशको छद्मभेषी अवस्थाले सम्पूर्ण विकासक्रम अवरुद्ध भएको छ। वास्तविकता दबेको छ, फेक (Fake) तथ्यमात्र  हाबी छ। बाहिर जे छ- भित्र त्यो छैन। भाषण र व्यवहारमा अन्तर छ। विदेशी नागरिकता लिनेहरू नै बढी राष्ट्रवादको कुरा गरिरहेका छन्। दलतन्त्रवादीहरूले लोकतन्त्रको दुहाई दिइरहेका छन्। असफल भएका दलहरू आफ्नो सफलताको गुणगान गाइरहेका छन्। पुराना वा थोत्रा दलहरूले आफूलाई नयाँ हौं भनेर दावी गरिरहेका छन्। यस्तो बिडम्बनापूर्ण स्थिति छ कि 'भ्रष्टहरूले सदाचारको कुरा गर्ने, मनपरी गर्नेहरूले सुशासनको कुरा गर्ने, अत्याचारीहरूले न्यायको कुरा गर्ने, सिन्डिकेट लाद्नेहरूले प्रतिस्पर्धाको कुरा गर्ने र विभेद गर्नेहरूले समानताको कुरा गर्ने'जस्तो दोहोरो चरित्रले जनतालाई सही तथा गलत ठम्याउन गाह्रो भइरहेको छ। यस छद्मभेषी अवस्थामा 'फेक' र 'ओरिजिनल' छुट्याउनु जरुरी छ। किनकि रोगको सही पहिचानबिना उपचार सम्भव छैन  अर्थात्, 'फेक' मा टेकेर देशको विकास सम्भव छैन। यसर्थ, छद्मभेषी अवस्थाबारे गम्भीर हुनु जरुरी छ।

तपाईं-हामी सबैलाई थाहा छ- व्यवस्था बिग्रेकै कारण देशको अवस्था बिग्रेको हो। 'फ्याक्ट्री' जस्तो हुन्छ- उत्पादन त्यस्तै हुन्छ। यस अवस्था र व्यवस्थाको अन्तरसम्बन्धलाई सही ढङ्गले बुझ्नु र बुझाउनुको सट्टा 'व्यवस्था बेस्ट, अवस्था खराब' जस्ता कृत्रिम बुझाइले पनि परिस्थितिलाई जटिल बनाएको छ। जेनजीको अगुवाइमा भएको ऐतिहासिक जनविद्रोहले देशको विधि-विधान र संविधानलाई अस्वीकार गरिसकेको सन्दर्भमा, अन्तरिम संविधानमार्फत सिस्टम सुधारमा जोड दिनुको सट्टा पुरानै व्यवस्थालाई निरन्तरता दिन खोज्नु परिस्थितिलाई झन गिजोल्नु हो। यसर्थ, देशको सही निकासका लागि प्रणाली सुधार आवश्यक भएकाले सही राजनीतिक विचारको पहिचान गर्नु जरुरी छ। आम जनता पार्टीले 'देशको अवस्था बदल्न व्यवस्था बदलौं: राष्ट्रिय स्वाधीनता बचाउन सङ्घर्ष गरौं' भन्ने नारा लिएको छ। यसमा

आदरणीय जनसमुदायको समर्थन र सहयोगका लागि हार्दिक अनुरोध गर्दछु ।

आज दलाल दलतन्त्रकै कारण जनता लाचार, राष्ट्र कमजोर र अर्थतन्त्र धराशायी हुँदै छ। कर आतङ्क र भ्रष्टाचार बढ्दो छ। लघुवित्त, सहकारीलगायतका वित्तीय संस्थामा ठगी व्यापक छ। नेपाली नागरिकमाथि प्रतिव्यक्ति ऋणको भार झन्डै एक लाख पुगेको छ। सम्पत्ति शुद्धीकरणको दयनीय अवस्थाले नेपाल 'ग्रे लिस्ट' मा परेको छ। उद्योगधन्दा बन्द भइरहेका छन्, व्यापार-व्यवसाय चौपट छ। रोजगार नपाएर युवाहरू विदेश पलायन भइरहेका छन्। देशको प्राकृतिक सम्पदा एवं संस्थानहरू लुटिएका छन्। यो तमाम दुरवस्थाको अन्त्यसहित अर्थतन्त्रमा आमूल बदलावका लागि आफ्नो मतको सदुपयोग गर्न आदरणीय जनसमुदायसमक्ष विशेष आग्रह गर्दछु ।

'हाम्रो देश नेपाल, जसको इतिहास स्वाभिमान र स्वतन्त्रताले लेखिएको छ, आज एउटा यस्तो मोडमा उभिएको छ- जहाँ हाम्रा पुर्खाको गौरव जोगाउनु र बिग्रिएको अवस्था सुधार्नु हाम्रो प्राथमिक कर्तव्य बनेको छ। वीर नेपालीमा जस्तोसुकै कठिन चुनौतीलाई पनि चिरेर अगाडि बढ्ने सामर्थ्य छ र त्यही सामर्थ्यलाई आज देशको सार्वभौमिकता बचाउन र लोकतन्त्रलाई वास्तविक अर्थमा जनताको बनाउन प्रयोग गर्नु आवश्यक छ ।

दलतन्त्रको अत्याचार र भ्रष्टाचारले देश बर्बाद भइरहेको सन्दर्भमा, आजभन्दा तीन वर्षअघिको आम निर्वाचनमा नेकपा एमाले गठबन्धनको टिकट फ्याँकेर स्वतन्त्र नोमिनेशन मार्फत सुरु गरिएको दलतन्त्रविरुद्धको सङ्घर्ष क्रमशः निर्णायक बन्दै गएको छ। यस अवस्थामा दलतन्त्रलाई सदाका लागि अन्त्य गरी आम जनतालाई शासन सत्ताको असली मालिक बनाउन तपाईं-हामीले यो आम निर्वाचनलाई एउटा सुनौलो अवसरका रूपमा उपयोग गर्नु जरुरी छ ।

हामी केवल नेतृत्व परिवर्तनका लागि होइन- बरु दलाल दलतन्त्रको अन्त्यसहित व्यवस्था बदलावको सङ्कल्पका साथ निर्वाचनमा होमिएका छौं; यस ऐतिहासिक क्षणमा तपाईंको मत र एउटा दृढ सङ्कल्पले नै नेपालको नयाँ युगको सुरुवात गर्नेछ। अतः आगामी निर्वाचनलाई केवल मतदानको प्रक्रियामात्र नभई एउटा ऐतिहासिक परिवर्तनको सङ्कल्पका रूपमा लिई यस महाअभियानमा सहभागी हुन र आजपाको मोबाइल चिह्नमा भोट हाली आफ्नो प्रतिनिधि छनौट गर्न सम्पूर्ण आदरणीय मतदातासमक्ष हार्दिक अपील गर्दछु।

**प्रभु साह**
अध्यक्ष
**आम जनता पार्टी** (AJP)

# १. मुलुकको वर्तमान परिस्थितिको विश्लेषण

## १.१. नेपालको वर्तमान राजनीतिक परिदृश्य

नेपालको वर्तमान राजनीतिक परिदृश्य निकै तरल र एउटा महत्वपूर्ण ऐतिहासिक परिवर्तनको संघारमा उभिएको छ। २०८२ भदौ २३ र २४ गते (सेप्टेम्बर २०२५) भएको 'जेन-जी' (Gen-Z) आन्दोलनले

मुलुकको राजनीतिमा तीव्र ध्रुवीकरण पैदा गरिदिएको छ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनामा दिएपछि हाल सुशीला कार्कीको नेतृत्वमा अन्तरिम चुनावी सरकार क्रियाशील रहेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी २०८२ फागुन २१ (५ मार्च २०२६) का लागि नयाँ निर्वाचनको मिति घोषणा गरेसँगै राजनीतिक दलहरूभित्र व्यापक विघटन र पुनर्संरचनाका प्रयास सुरु भएका छन्।

यसैक्रममा नेपाली काँग्रेसले विशेष महाधिवेशनमार्फत गगन थापालाई सभापति चयन गर्दै युवा पुस्तामा नेतृत्व हस्तान्तरण गरेको छ भने रवि लामिछाने र बालेन शाहबीचको नयाँ राजनीतिक सहकार्यले राष्ट्रिय स्वतन्त्र पार्टीलाई थप विस्तारित गरेको छ। वामपन्थी कित्तामा पनि ठूलो फेरबदल देखिएको छ- जहाँ नेकपा एमालेमा केपी शर्मा ओलीकै नेतृत्व यथावत् रहे तापनि माओवादी केन्द्र र एकीकृत समाजवादीलगायतका दलहरू मिलेर पुष्पकमल दाहाल 'प्रचण्ड' संयोजक र माधवकुमार नेपाल सह-संयोजक रहने गरी 'नेपाली कम्युनिस्ट पार्टी' गठन गरिएको छ। मधेशको राजनीतिमा समेत समीकरण फेरिएको छ; उपेन्द्र यादवको जसपा नेपाल र महन्थ ठाकुरको लोसपा एक ठाउँमा उभिएका छन् भने रेशम चौधरी, अशोक राई र राजेन्द्र महतोका समूहले नयाँ मोर्चा बनाएर आफ्नो सक्रियता बढाएका छन्। यसरी परम्परागत शक्ति सन्तुलन भत्किएर नयाँ

राजनीतिक शक्तिहरू निर्माण भइरहेको अवस्थामा आगामी निर्वाचनले नेपालको भविष्यको मार्गचित्र तय गर्ने देखिन्छ ।

यही बदलिँदो परिवेशमा पूर्व मन्त्री प्रभु साहको नेतृत्वमा स्थापित आम जनता पार्टी (आजपा) एक वैकल्पिक शक्तिको रूपमा उदाइरहेको छ। २०७९ को निर्वाचनपछि पुराना दलहरूले जनअपेक्षा पूरा गर्न नसकेको र दलाल पुँजीवादलाई प्रश्रय दिएको निष्कर्ष निकाल्दै यो पार्टीले भुइँ तहका मानिसको जनजीविकालाई मुख्य एजेन्डा बनाएको छ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको वकालत गर्ने यस पार्टीले बैंकिङ ब्याजदरविरुद्धको 'बचतकर्ता बचाउ अभियान', किसान आन्दोलन, र वैदेशिक रोजगारीमा हुने ठगीविरुद्ध निरन्तर सडक सङ्घर्ष गर्दै आएको छ। विशेषगरी आफ्नो भ्रातृ संगठन 'आईटी आर्मी' मार्फत युवाहरूलाई प्रविधिसँग जोड्दै भ्रष्टाचारविरुद्धको महाअभियान सञ्चालन गरिरहेको यो पार्टीले हालको राजनीतिक अन्योलबीच आफूलाई एक जुझारु र सचेत शक्तिका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ।

## १.२. नेपालको वर्तमान आर्थिक परिदृश्य

नेपालको वर्तमान अर्थतन्त्र न्यून आर्थिक वृद्धि, संकुचित आन्तरिक माग र गहिरिँदो संरचनागत समस्याका कारण चुनौतीपूर्ण अवस्थामा छ। विगत एक दशकमा आर्थिक वृद्धिदरमा ठूलो उतारचढाव देखिएको छ; हालको औसत ४ प्रतिशत हाराहारीको वृद्धि विकासशील मुलुकमा स्तरोन्नति हुन र गरिबी निवारणको लक्ष्य भेट्न अपर्याप्त देखिन्छ। उपभोक्ता मुद्रास्फीति घटेर १.८७ प्रतिशतमा झरेको छ, तर यो सकारात्मक सुधार नभई बजारमा मागको अभाव र आर्थिक मन्दीको संकेत हो। अर्थतन्त्रको संरचनामा सेवा क्षेत्रको हिस्सा ६२ प्रतिशत पुगेर प्रभुत्व कायम गरे पनि वास्तविक उत्पादनशील क्षेत्रहरू जस्तै कृषि (२४ प्रतिशत) र उद्योग/निर्माण (१४ प्रतिशत) कमजोर हुनुले

मुलुकको उत्पादन क्षमता र रोजगारी सिर्जना गर्ने आधारमा ह्रास आएको पुष्टि गर्दछ ।

वित्तीयतर्फ, सार्वजनिक ऋण करीव २८ खर्ब रुपैयाँ (जिडिपीको करीव ४५प्रतिशत) पुग्दा प्रतिव्यक्ति ऋणभार ९६,००० रुपैयाँ नाघेको छ- जसले भावी पुस्तामाथि ठूलो आर्थिक दायित्व सिर्जना गरेको छ । वार्षिक करीव १३।१४ खर्ब रुपैयाँ (जिडिपीको करीव २५ प्रतिशत) रेमिट्यान्स भित्रिएर विदेशी मुद्रा सञ्चितिमा टेवा पुगे पनि यसको ठूलो हिस्सा उत्पादनमूलक लगानीको सट्टा आयात र उपभोगमै खर्च हुँदा आन्तरिक पुँजी निर्माण हुन सकेको छैन । हाल २०.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि र १०.७ प्रतिशत बेरोजगारी दर रहनुका साथै स्वदेशमा अवसरको अभावले युवा जनशक्ति पलायन हुने क्रम तीव्र छ । समग्रमा, निर्वाहमुखी कृषि, उच्च व्यापार घाटा, सहकारी संकट र बैंकिङ क्षेत्रमा बढ्दो खराब कर्जाजस्ता समस्याले नेपालको आर्थिक स्थायित्वलाई गम्भीर जोखिममा पारेका छन् ।

‘नेपालको विकासमा राजनीतिक अस्थिरता, सुशासनको अभाव र न्यून पुँजीगत खर्च प्रमुख बाधकका रूपमा रहेका छन् । पछिल्ला वर्षमा राजस्व वृद्धिदर घट्नु र लक्ष्यअनुसार असुली हुन नसक्नुले सार्वजनिक वित्त व्यवस्थापनमा सरकारको पकड कमजोर भएको देखाउँछ । आयोजनाहरू समयमै सम्पन्न नहुने र निर्माणको गुणस्तर कमजोर हुने परिपाटी व्याप्त छ । यस्का लागि ‘बटम-अप’ (Bottom-up) योजना प्रणाली अपनाउनु आवश्यक छ । सङ्घले ठूला रणनीतिक आयोजना, प्रदेशले मध्यम स्तरका पूर्वाधार र स्थानीय तहले आधारभूत सेवा प्रवाहमा केन्द्रित हुने गरी एकीकृत कार्यविभाजन मोडेल लागू गर्नु अपरिहार्य देखिन्छ । यहि सन २०२६ सम्ममा अतिकम विकसित मुलुक (LDC) बाट स्तरोन्नत हुनका नेपालले आर्थिक, वित्तिय तथा विकासको क्षेत्रमा थप मेहनत गर्नुपर्नेछ ।

## १.३ नेपालको वर्तमान सामाजिक परिदृश्य

नेपालको सामाजिक परिदृश्य विविधता र एकताको एउटा विशिष्ट संगम हो । भौगोलिक रूपमा सानो भए तापनि यहाँको सामाजिक बनोट अत्यन्तै जटिल र रोचक छ- जहाँ बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक सद्भाव रहेको छ । 'सर्वकल्याण' अर्थात् सबैको भलाइ हुने र 'अतिथिदेवो भव'को संस्कार बोकेको नेपाली समाजमा छिमेकीहरूबीच प्रगाढ सद्भाव र सहकार्यको परम्परा जीवित छ । पछिल्लो समय नेपालको सामाजिक संरचनामा तीव्र परिवर्तनहरू देखिन थालेका छन् ।' एकातिर परम्परागत मूल्य-मान्यता, संयुक्त परिवार र मौलिक संस्कृतिहरू ग्रामीण भेगको पहिचान बनेका छन् भने अर्कोतिर सहरी क्षेत्रमा आधुनिकता, एकल परिवार र प्रविधिको प्रभाव बढ्दो छ । शिक्षामा पहुँच र बढ्दो सचेतनाले गर्दा जातीय विभेद तथा लैङ्गिक असमानताजस्ता सामाजिक कुरीति बिस्तारै कम हुँदै गएका छन् तथापि, जातीय तथा क्षेत्रीय विभेदका अवशेष नेपाली समाजमा अझै पूर्ण रूप रूपमा अन्त्य हुन सकेका छैनन् । यतिबेला वैदेशिक रोजगारीका कारण युवा जनशक्तिको पलायनले  कृषिमा आधारित जनजीवनमा नयाँ चुनौतीहरू थपेको छ । समग्रमा, नेपाल परम्परागत जगमा उभिएर आधुनिकतातर्फ लम्किरहेको एउटा गतिशील समाज हो ।

# २. दलतन्त्रको असफलताः नयाँ निकासको खोजी

'नेपालमा राजनीतिक दलहरूले लोकतन्त्रको सुदृढीकरण र जनताको अपेक्षा सम्बोधन गर्न नसक्दा 'दलतन्त्र' माथि गम्भीर प्रश्न उठ्न थालेका छन् । दलहरूभित्र व्याप्त आन्तरिक लोकतन्त्रको अभाव, सिन्डिकेट प्रणाली, र नीतिभन्दा पनि सत्ताकेन्द्रित राजनीतिका कारण आम जनतामा नैराश्य छाएको छ । प्रमुख राजनीतिक शक्तिहरूबीचको भागबन्डाले संवैधानिक निकाय र राज्यका संयन्त्रहरू कमजोर बन्दै गएका छन् ।

भ्रष्टाचारको संरक्षण, नातावाद, र जनताका आधारभूत आवश्यकता (शिक्षा, स्वास्थ्य, र रोजगारी) भन्दा राजनीतिक जोडघटाउलाई प्राथमिकता दिँदा विद्यमान राजनीतिक प्रणालीप्रति नै अविश्वास पैदा भएको छ । यस्तो अवस्थामा मुलुकलाई वर्तमान गतिरोधबाट मुक्त गर्न वैकल्पिक सोच, सक्षम नेतृत्व र नयाँ राजनीतिक निकासको खोजी अपरिहार्य देखिएको छ । अबको निकास केवल पात्र परिवर्तनमा मात्र नभई, पद्धति सुधार र जनताप्रति उत्तरदायी राजनीतिक संस्कारको स्थापनामा हुनुपर्दछ ।'

विगतमा सत्ताधारी राजनीतिक दलहरू र तिनले नेतृत्व गरेका सरकारले मुलुक र जनताको नाममा अनगिन्ती विकृति, बेथिति र बेइमानी गरेका छन् । त्यसैको उपजको रूपमा आम जनतामा वितृष्णा पैदा भएको छ- जसले 'जेन-जी' (Gen–Z) लगायतका आन्दोलनको जग निर्माण गरेको छ । त्यस्ता विकृति, विसङ्गति र बेइमानीका केही उदाहरण संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ-

## २.१ राजनीतिक एकाधिकारः आलोपालो सरकार

बहुदलीय व्यवस्थाको पुनःस्थापना (२०४६) पछि नेपालको राजनीतिमा नेपाली काँग्रेस र नेकपा एमालेले करिब ३५ वर्ष आलोपालो गर्दै एकछत्र शासनसत्ता चलाए । यो बीचमा माओवादी जनयुद्ध, मधेश आन्दोलन

हुँदै २०६२/६३ को आन्दोलनपश्चात् राजतन्त्रको समाप्ति र गणतन्त्र स्थापना भएपछि पुराना दुई दल र जनयुद्धबाट शान्तिप्रक्रियामा आएको तत्कालीन माओवादी पार्टी समेत तीन दलीय गठबन्धनले पालैपालो सत्ताको बागडोर सम्हालेका हुन्। यस कालखण्डमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणासँगै नयाँ संविधान बनेको छ। संविधानमा उल्लेख भएका जनअधिकारका विषयहरू कतिपय लागू नै भएनन् भने कति लागू गर्ने प्रयास नै गरिएन। विकास र समृद्धिको नारा दिएर नथाकेका दलहरूले नै कुशासन र भ्रष्टाचारको दलदलमा मुलुकलाई फसाइदिएका छन्। राजनीतिक दल र नेताहरू जनताका समस्या समाधान गर्नुको सट्टा केवल सरकार परिवर्तन र सत्ताको फोहोरी खिचातानीमा तल्लीन रहे। फ्रान्सको प्रसिद्ध अखबार 'ले मोन्ड' (Le Monde) ले त नेपाललाई सरकार परिवर्तनमा 'विश्व च्याम्पियन' भन्दै व्यङ्ग्यात्मक समाचार नै प्रकाशन गऱ्यो।

## २.२. अर्थतन्त्र आफै जर्जरः ग्रेलिष्टमा परेर झनै थरथर

नेपालको अर्थतन्त्र हाल अत्यन्तै नाजुक अवस्थामा छ- जहाँ प्रतिव्यक्ति ऋणको भार झन्डै एक लाख रुपैयाँ पुगेको छ। भ्रष्टाचार, कुशासन र हुन्डीमार्फत पुँजी पलायन हुने क्रम बढ्दो छ भने विदेशी लगानी केवल आश्वासनमा सीमित छ। सहकारी, बैंक तथा वित्तीय संस्थाहरूमा भएको ठगी र मिटर-ब्याज एवं लघुवित्तको मारले आम जनताको बचत असुरक्षित बनेको छ। अनौपचारिक वा 'छाया अर्थतन्त्र'ले कुल गार्हस्थ्य उत्पादनको करिब ४० प्रतिशत हिस्सा ओगट्नुले राज्यको नियन्त्रण कमजोर भएको पुष्टि गर्छ।

यसैबीच, सम्पत्ति शुद्धीकरण निवारणमा देखिएको कमजोरीका कारण नेपाल FATF को 'ग्रे लिस्ट' (निगरानीको सूची) मा पर्नु राष्ट्रिय संकटको विषय हो। यदि समयमै वित्तीय सुधार र नियमन हुन नसकी नेपाल 'कालो सूची' (Blacklist) मा परेमा यसले अन्तर्राष्ट्रिय बैंकिङ कारोबार र एलसी (LC) मा अवरोध पुऱ्याउने छ। यसबाट वैदेशिक

सहायता र लगानी ठप्प हुने, रेमिट्यान्स रोकिने र चरम महँगी बढ्न गई देशको साख नै गुम्ने जोखिम छ। तसर्थ, यो आर्थिक र वित्तीय जोखिम टार्न वित्तीय सुशासन र कानुनको कडा कार्यान्वयन नै आजको अनिवार्य आवश्यकता हो ।

## २.३ वित्तीय अपराध र भ्रष्टाचारः राजनीतिक 'सेटिङ' को संस्कार

नेपालमा भ्रष्टाचार र जघन्य अपराधहरू केवल व्यक्तिगत स्वार्थमा सीमित नरही सत्ताकै प्रत्यक्ष संरक्षणमा संस्थागत भइसकेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणजस्तो राज्यविरुद्धको अपराध, मानव तस्करी, वाइडबडी खरिद, ओम्नी समूहको मिलेमतो, सुन तस्करी र पशुपतिको जलहरीजस्ता काण्डले नेपालमा भ्रष्टाचार कुन हदसम्म जरा गाडेर बसेको छ भन्ने तथ्यलाई उदाङ्गो पारेका छन् । यी घटनाहरू सामान्य आर्थिक अनियमिततामात्र नभई राज्य संयन्त्रलाई नै अपराधीकरण गर्ने संगठित प्रयास हुन् ।

ट्रान्सपरेन्सी इन्टरनेशनल (२०२४) को प्रतिवेदनमा नेपाल १०० मा ३४ अङ्कका साथ १०७ औं स्थानमा रहनुले मुलुकमा व्याप्त सुशासनको दयनीय स्थितिलाई विश्वसामु पुष्टि गरेको छ। अर्कोतर्फ, 'गैर आवासीय नागरिकता' को प्रावधानलाई ढाल बनाएर स्वदेशी पुँजी विदेश पलायन गर्ने र मुलुकलाई खोक्रो बनाउने गिरोह सक्रिय छ। यो प्रवृत्तिले अर्थतन्त्रलाई जर्जरमात्र बनाएको छैन- बरु लोकतन्त्र र सामाजिक न्यायको उपहाससमेत गरेको छ ।

मुलुकमा व्याप्त यो 'सामाजिक प्रदूषण' र राजनीतिक बेथितिविरुद्ध आम जनतामा चरम असन्तुष्टि चुलिएको छ। हालै देखिएका 'Gen–Z' (युवा पुस्ता) को विद्रोह र सत्ता परिवर्तनका घटनाहरू यसैका परिणति हुन् । यस्ता क्रियाकलाप नियन्त्रण नगरिएमा र समयमै सुधार नभएमा नेपालमा कुनै पनि बेला राजनीतिक विग्रह र गहिरो अस्थिरताको ज्वालामुखी विस्फोट हुने वा इतिहास दोहोरिने निश्चित छ ।

## २.४ संसद् र संवैधानिक निकायः निष्प्रभाविताको पर्याय

संसद् तथा संवैधानिक निकायहरूलाई सरकारको 'लाचार छाया' का रूपमा रूपान्तरण गरिएको छ। संसद र संसदीय समितिहरु सरकारका गलत कामकारवाही निगरानी र नियन्त्रण गर्न प्रभावकारी हुनै सकेनन। संवैधानिक निकायहरूमा नियुक्ति गर्दा संवैधानिक तथा कानुनी प्रावधानहरूको पूर्ण बेवास्ता गर्दै राजनीतिक आस्था, व्यक्तिगत पहुँच र शक्तिका भरमा भागबन्डा गरिने परिपाटी बसेको छ। संसद्, संसदीय समिति र संवैधानिक निकायहरू प्रभावकारी हुन सकेका छैनन्। विदेशस्थित नेपाली दूतावास तथा नियोगमा पहुँच र प्रभावको भरमा नियुक्ति गर्ने अनि अवधि नसकिँदै सत्ता परिवर्तन हुनासाथ राजदूतहरू फिर्ता बोलाउने प्रचलन बसेको छ। यस मामिलामा अन्तरिम सरकारसमेत अछुतो रहन सकेन। यस्ता क्रियाकलापले नेपालको वैदेशिक सम्बन्ध र कूटनीतिक मामिलामा अत्यन्त फितलोपन देखिएको छ।

'नेपालको न्यायालय पनि स्वतन्त्र रूपमा चल्न सकेको छैन र यो पटक/पटक विवादमा पर्ने गरेको छ। न्यायाधीशहरूको नियुक्ति र कार्यसम्पादनमाथि निरन्तर आलोचना अनि टिप्पणी हुने गरेका छन्। न्यायालयबाट समयमै छिटोछरितो रूपमा न्याय निरूपण हुन नसक्दा समग्रमा जनताले सहज र सरल रुपले न्याय पाउन सकेका छैनन्। जटिल संवैधानिक व्याख्याका मुद्दासमेत समय घर्किएपछि मात्र टुङ्गिने गरेका छन्- जसले न्यायको मर्ममाथि नै प्रहार गरेको छ। लोकतन्त्रको मेरुदण्डका रूपमा रहेको न्यायालयप्रतिको जनविश्वास कायम राख्न यसको सुदृढीकरण र निष्पक्षता अपरिहार्य छ।'

## २.५ प्रशासनिक विकृतिः दलगत स्वार्थको संस्कृति

स्थायी सरकारको रूपमा चिनिने कर्मचारीतन्त्रभित्र मौलाएको दलगत स्वार्थको संस्कृतिले सेवा प्रवाह र सुशासनलाई प्रत्यक्ष असर पुऱ्याएको

छ। कर्मचारीहरूको सरुवा, बढुवा र नियुक्तिमा कार्यक्षमता एवं योग्यताभन्दा पनि राजनीतिक आस्था तथा निकटतालाई आधार बनाइँदा व्यावसायिक निष्ठा (Professional Integrity) कमजोर बन्दै गएको छ। प्रशासनिक संयन्त्रभित्र दलीय आधारमा खोलिएका ट्रेड युनियनको अनावश्यक दबाव र हस्तक्षेपले गर्दा सरकारी सेवाको तटस्थता (Neutrality) हराउँदै गएको छ। यसले गर्दा एकातिर कर्मचारीहरूमा जिम्मेवारी पन्छाउने प्रवृत्ति बढेको छ भने अर्कोतिर आम जनताले झन्झटमुक्त सेवा पाउन सकेका छैनन्। प्रशासनिक सुधारका प्रयास केवल कागजमा सीमित हुँदा भ्रष्टाचार र ढिलासुस्ती संस्थागत हुँदै जानु चिन्ताको विषय हो।'

सरकारी कर्मचारीहरू दलगत सङ्घ-संगठनमार्फत राजनीतिक दलका भ्रातृ संगठनजस्ता बनेका छन्। सरकारी नीति तथा नियम निर्माणमा समेत यिनीहरूको पूर्ण हस्तक्षेपकारी भूमिका रहने गरेको छ। माथिल्ला सरकारी पदाधिकारी तटस्थ र व्यावसायिक हुनुपर्नेमा, सेवामा रहुन्जेल सुविधा लिने र अवकाशपछि पनि सरकारी ओहोदामा जान लालायित भएका कारण राजनीतिक दलहरूलाई रिझाउने र संस्थागत निकायलाई अपहेलना गर्नेसम्मको हैसियतमा पुगेका छन्। यसको पछिल्लो उदाहरणका रूपमा सङ्घीय निजामती सेवा ऐन तर्जुमाको सन्दर्भमा 'कुलिङ अफ पिरियड' (Cooling off period) का विषयमा नेपाल सरकारका उच्चपदस्थ कर्मचारी र संसदीय समितिका केही सदस्यले देखाएको अनैतिक खिचातानीलाई लिन सकिन्छ।

## २.६ सरकारी खर्च र राजस्वः अनियमितताको वर्चस्व

तीनै तहका सरकारले जनतामाथि करको आतङ्क मच्चाएका छन्। करिब ३९-४० प्रकारका कर तिर्नुपर्ने बाध्यता सिर्जना गरी करको भार ४० प्रतिशतसम्म पुऱ्याइयो। तर हरेक वर्ष राजस्व वृद्धिदर घट्दै गइरहेको छ र राजस्व सङ्कलन सरकारले राखेको लक्ष्यभन्दा १०-१५ प्रतिशतले न्यून हुने गरेको छ। पहुँच र प्रभावका भरमा सरकारी बजेट

र आयोजनाहरू भागबन्डाको आधारमा बाँडफाँड गरी स्रोत र साधनको एकलौटी वितरण गरिएको छ। चालु खर्च अत्यधिक बढेको छ भने पुँजीगत खर्च वार्षिक बजेटको करिब ६०-६५ प्रतिशतको हाराहारीमा मात्र हुने गरेको छ। एकातिर पुँजीगत खर्च नहुने र अर्कोतिर भएको खर्चमा पनि आर्थिक वर्षको अन्त्यमा हतार/हतार बजेट सिध्याउने गरी 'असारे विकास'को प्रवृत्तिले सङ्घीयतासँगै तल्लो तहसम्म अत्यधिक बेरुजु र हिनामिना विकेन्द्रीकृत भएको छ। हालको तथ्याङ्कअनुसार बेरुजु फर्स्योट हुन बाँकी रकम रु. १३ खर्ब पुग्नुले भयावह वित्तीय अनुशासनहीनता र शून्य आर्थिक अनुशासनलाई उजागर गर्छ।

## २.७ सरकारी बजेट र अनुदानः दलगत र संस्थागत दोहन

नेपालको सरकारी बजेट निर्माण र विनियोजन प्रक्रियामा पहुँचवाला नेताको प्रत्यक्ष प्रभाव र स्वार्थ हाबी हुँदा राज्यकोषको व्यापक दुरुपयोग भइरहेको छ। आम जनताको हितमा खर्च हुनुपर्ने रकम 'अनुदान' र 'सहयोग'का नाममा नेता तथा कार्यकर्ताद्वारा सञ्चालित निजी संस्था, ट्रस्ट र गैर सरकारी संस्थालाई बाँड्ने प्रवृत्ति बढेको छ। उत्पादनशील क्षेत्र र पूर्वाधारमा लगानी गर्नुका सट्टा राजनीतिक संरक्षण प्राप्त संस्थालाई 'दान'स्वरूप ठूलो रकम वितरण गरिनुले वास्तविक लक्षित वर्ग र विपन्न समुदाय सरकारी सेवाबाट सधैँ वञ्चित छन्। बजेटको ठूलो हिस्सा प्रभावशाली नेताहरूका निर्वाचन क्षेत्र र जिल्लामा मात्र केन्द्रित हुने गरेको छ। संसद्मा यसबारे पटक/पटक आवाज उठाइए तापनि यसको वस्तुनिष्ठ सम्बोधन र लेखाजोखा हुन सकेको छैन।

विकास निर्माणका ठेक्कापट्टामा आर्थिक चलखेल गर्ने, शक्तिको भरमा बजेट हत्याउने र राज्यकोषको लगानीमा निर्मित भौतिक संरचनामा दलका कार्यालय वा भ्रातृ संगठन सञ्चालन गरिनु सरासर वित्तीय अपराध हो। जनसहभागिता र सार्वजनिक हितका लागि छुट्याइएको बजेटलाई दलीय स्वार्थ र व्यक्तिगत 'लिगेसी' जोगाउन प्रयोग गरिनु लोकतान्त्रिक मूल्य-मान्यताविपरीत छ। तसर्थ, यस्ता अनैतिक

गतिविधिमा तत्काल रोक लगाउँदै सरकारी लगानीमा निर्मित सम्पूर्ण संरचनालाई पूर्णतः सरकारी र सार्वजनिक प्रयोजनमा मात्र ल्याइनुपर्दछ ।

## २.८ सार्वजनिक संस्थान र सम्पत्ति : बेपर्वाह र दुर्गती

नेपालमा सार्वजनिक संस्थानहरूको स्थापना आर्थिक विकास र जनसेवाको लक्ष्यका साथ गरिए तापनि पछिल्ला दशकमा यी निकाय समृद्धिको आधार बन्नुको सट्टा राज्यका लागि आर्थिक बोझ बन्दै गएका छन् । विगतमा आर्थिक उदारीकरण र निजीकरणका नाममा कयौं नाफामूलक उद्योगलाई रणनीतिक मूल्याङ्कन नगरी न्यून मूल्यमा विक्री गर्दा राष्ट्रिय औद्योगिक आधार नै धराशायी हुन पुग्यो । हाल अस्तित्वमा रहेका संस्थानमा सरकारको खर्बौं रुपैयाँ ऋण र शेयर लगानी भए तापनि अत्यधिक राजनीतीकरण र तिनलाई दलीय 'भर्तीकेन्द्र' बनाउने प्रवृत्तिका कारण प्रतिफल निराशाजनक छ। व्यावसायिक नेतृत्वको अभाव, जीर्ण भौतिक पूर्वाधार र व्याप्त भ्रष्टाचारले संस्थानहरूको सेवा प्रवाहलाई कमजोर बनाएको छ भने उपलब्ध स्रोत-साधनको समेत व्यापक दुरुपयोग भइरहेको छ ।

अर्कोतिर, जल, जंगल र जमिनजस्ता प्राकृतिक स्रोतको गैर कानुनी रूपमा लाइसेन्स वितरण गर्ने कार्य निरन्तर भइरहेका छन् । विश्वविद्यालय, नेपाल ट्रस्ट र विभिन्न सरकारी समितिका बहुमूल्य जग्गा एवं प्राकृतिक स्रोतलाई राजनीतिक 'सेटिङ'का आधारमा अत्यन्त न्यून दरमा निजी क्षेत्रलाई सुम्पिने कार्यले नीतिगत भ्रष्टाचारलाई संस्थागत गरेको छ । यसरी सरकारी स्रोत-साधन र सम्पत्तिको समुचित प्रयोग गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नुको सट्टा व्यक्तिगत र दलीय स्वार्थका लागि चरम दोहन गरिँदा, यी निकाय देशको समृद्धिका बाधक र अधोगतिका संवाहक साबित भएका छन् ।

## २.९ गैर सरकारी संस्थाको कोषः विदेशी दलालहरूलाई पोष

नेपालको विकासमा गैर सरकारी संस्था (NGO) र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (INGO) को भूमिका सहयोगी रहे तापनि यिनको कोष परिचालनमा पारदर्शिताको ठूलो अभाव छ। कुल वैदेशिक सहायताको उल्लेखनीय हिस्सा सरकारी बजेट प्रणाली (Red Book) भन्दा बाहिर अर्थात् 'अफ-बजेट' मार्फत सिधै खर्च हुने गर्दछ।

कतिपय शक्ति-राष्ट्रले द्विपक्षीय छाता सम्झौता (Bilateral Umbrella Agreement) मार्फत आफ्नै मातहतका INGO बाट आयोजनाहरू

सिधै सञ्चालन गर्दा स्थानीय आवश्यकता र समन्वयभन्दा दाताको एजेन्डा बढी हाबी हुने गरेको छ। यसरी प्राप्त हुने प्रत्यक्ष वित्तपोषण (Direct Financing) को ठूलो भाग प्रशासनिक तामझाम र परामर्शदातामा खर्च हुनु, सामाजिक सेवाका नाममा धर्म प्रचार वा राजनीतिक प्रभाव विस्तारमा लाग्नु र फितलो अनुगमनको फाइदा उठाई वित्तीय अनियमितता हुनुले यी संस्थाको विश्वसनीयतामा प्रश्न उठाएको छ।

## २.१० दलतन्त्रका परिणामः युवा पलायन र जेनजी आन्दोलन

मुलुकको हालको दुरवस्था हुनुमा विगतका दलाल दलतन्त्र र बेइमान नेताहरूकै मुख्य हात छ। विगतका दशकमा नेपालले अधोगतिमात्र भोग्नुपरेन- अर्थतन्त्र धराशायी बन्यो, राष्ट्रियता कमजोर पारियो, सामाजिक न्याय भताभुङ्ग भयो र गरिबी तथा बेरोजगारीले सीमा नाघ्यो। यसैको परिणामस्वरूप, लाखौं युवा पुस्ता आफ्नै मातृभूमि छोडेर रोजीरोटीका लागि बिदेसिन बाध्य भए। यसैको परिणामस्वरुप २०८२ भाद्र २३ र २४ गते जेनजी पुस्ताको आन्दोलनसमेत भयो। यी विकृतिको सूची व्याख्या गरेर सकिने अवस्था नै छैन। 'जेन-जी' (Gen–Z) आन्दोलन र मुलुकको वर्तमान आर्थिक-अवस्थाले स्पष्ट पारिसकेको छ।

## २.११ जेन-जी (Gen–Z) आन्दोलन र यसको जिम्मेवारी

नेपालको आधुनिक राजनीतिमा २०८२ भदौमा भएको 'जेन-जी' (Gen–Z) आन्दोलन परम्परागत राजनीतिक सिन्डिकेट र 'दलाल दलतन्त्र' विरुद्धको एक निर्णायक ज्वालामुखी विष्फोट थियो। यो आन्दोलन विगतका सरकार, खासगरी पछिल्लो समय दुई-तिहाइनजिकको शक्ति भएका दुई ठूला दलबीचको अलोकतान्त्रिक, अनैतिक एवं अप्राकृतिक गठबन्धन र उनीहरूको अकर्मण्यताको उपज हो। भदौ २३ मा शान्तिपूर्ण आन्दोलनकारीमाथि राज्यका तर्फबाट भएको निर्मम दमन, अत्याचार र हत्याको प्रतिवादस्वरूप भदौ २४ गते दु:खद घटना, आगजनी र लुटपाट हुन पुग्यो। यो लामो समयदेखि जनतामा गुम्सिएको चरम निराशा, असन्तुष्टि र राज्यकोषमाथि भइरहेको दोहनविरुद्धको एउटा कडा प्रतिक्रिया थियो। नागरिकका अपेक्षामाथि भएको निर्मम प्रहारका कारण सिर्जित यी सम्पूर्ण घटनाको पूर्ण नैतिक तथा राजनीतिक जिम्मेवारी तत्कालीन सत्ताधारी गठबन्धनले लिनुपर्दछ भन्नेमा कुनै दुविधा छैन।

आजको बिडम्बना यो छ- जसले नि:स्वार्थ रूपमा अन्यायविरुद्ध आवाज उठाए- ती वास्तविक युवाहरू अझै पनि सडकमा आन्दोलनरत छन् वा जेलमा प्रताडित भइरहेका छन्; तर अवसर कुरेर बस्ने, आन्दोलनलाई 'हाइज्याक' गर्ने छद्मभेषी र 'फेक जेन-जी' हरू सत्ताको बागडोर सम्हालिरहेका छन्। वर्तमान अन्तरिम सरकारले समेत पहुँचवालालाई जोगाउन कानुन मिच्ने र निर्दोष युवालाई थुनामा राख्ने दोहोरो मापदण्ड अपनाएर लोकतन्त्रको उपहास गरिरहेको छ। यदि जेलमा रहेका निर्दोष युवालाई तत्काल रिहा गरी न्याय सुनिश्चित गरिएन भने यो आक्रोशले मुलुकमा अर्को भीषण विद्रोह निम्त्याउने निश्चित छ।

# ३. राजनीतिमा नयाँ विकल्पः आजपाको सङ्कल्प

नेपालको राजनीतिक इतिहासमा परम्परागत दलहरूको असफलता र दलीय स्वार्थको कोलाहलबीच आम जनता पार्टी (आजपा) एउटा 'नयाँ विकल्प' का रूपमा उदय भएको छ। आजपाको सङ्कल्प केवल सत्ताको अङ्कगणितमा सहभागी हुनुमात्र नभई, मुलुकमा विद्यमान लुटतन्त्र, भ्रष्टाचार र दलीय सिन्डिकेटको पूर्ण अन्त्य गर्नु हो। यसै पृष्ठभूमिमा, आजपाले घोषणा गरी देशव्यापी रूपमा सञ्चालन गरेको 'तेस्रो जनआन्दोलन' को मुख्य उद्देश्य नै दलतन्त्रले संस्थागत गरेको बेथिति र भ्रष्टाचारको भण्डाफोर गर्नु थियो। वस्तुतः यही वैचारिक जगबाट पछिल्ला जनआक्रोश प्रेरित भएका हुन्- जसको एउटा कडीका रूपमा युवाहरूको 'जेन-जी' (Gen–Z) विद्रोह अङ्कुरण भएको हो।

आजपाले तेस्रो जनआन्दोलनको मार्गचित्रमार्फत प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको मुद्दालाई अघि सारेको छ- जसले मात्रै मुलुकमा स्थिर सरकार र जनताप्रतिको उत्तरदायित्व सुनिश्चित गर्न सक्छ। राज्यकोषको दोहन गर्ने 'दलतन्त्र'विरुद्ध जेहाद छेड्दै उत्पादनशील अर्थतन्त्र, सामाजिक न्याय र डिजिटल युगको सुशासनलाई मुख्य कार्यभार बनाइएको छ। दशकौंदेखिको राजनीतिक सिन्डिकेट र वैदेशिक हस्तक्षेपले मुलुक असफलताको सङ्घारमा पुगेका बेला, आजपाको तेस्रो जनआन्दोलन र युवाहरूको 'जेन-जी' विद्रोहलाई एउटै विन्दुमा समाहित गर्दै पूर्णतः 'सिस्टम' (पद्धति) परिवर्तनको सङ्कल्प लिइएको छ। जेन-जी पुस्ताको आक्रोशलाई रचनात्मक राजनीतिक शक्तिमा बदल्दै राज्यका हरेक अङ्गमा जनताको स्वामित्व स्थापित गर्नु नै वर्तमान संकटबाट मुलुकलाई मुक्त गर्ने एकमात्र भरपर्दो निकास हो।

**३.१ राजनीतिक दृष्टिकोण र नेतृत्वः** वर्तमान नेपाली राजनीति स्पष्ट रूपमा तीन धारमा विभाजित छ- जसलाई चिन्नु र बुझ्नु प्रत्येक

नागरिकको दायित्व हो। पहिलो धार (पुराना सत्ताधारी) अन्तर्गत दशकौंदेखि सत्तामा रहेका 'टेस्टेड' तर असफल पात्रहरू छन्- जसले मुलुकलाई जर्जर बनाए र केवल सत्ता जोगाउन अपराधी एवं भ्रष्टाचारीको संरक्षण गरिरहेका छन्। दोस्रो धार (नक्कली नयाँ शक्ति) अन्तर्गत 'नयाँ' र 'राष्ट्रवादी' को आवरणमा उदाएका तर पर्दापछाडि विदेशी शक्तिबाट परिचालित 'राजनीतिक ठग' र नक्कली तत्त्वहरू छन्। तेस्रो धार (सक्कली राष्ट्रवादी र जेन-जी पुस्ता) मा शोषित-पीडित जनता र परिवर्तनका संवाहक 'जेन-जी' युवाहरूको नेतृत्व गर्ने आम जनता पार्टी रहेको छ।

**३.२ राष्ट्रियता, लोकतन्त्र र सुशासनः** नेपालमा हाल 'भगौडा दलाल वर्ग'को वर्चस्व छ- जसले राष्ट्रिय स्रोतको दोहन गरी सम्पत्ति विदेश पलायन गरिरहेका छन्। आम जनता पार्टीले 'कालो धन फिर्ता ल्याउने र भगौडाको सम्पत्ति कब्जा गर्ने' कडा नीति लिने छ। हामी गैर निर्वाचित संस्थाको सर्वोच्चताको अन्त्यसहित आम जनताको शासनमा प्रत्यक्ष साझेदारी चाहन्छौं। सम्पूर्ण जनप्रतिनिधि जनताप्रति उत्तरदायी बन्ने सच्चा लोकतान्त्रिक प्रणाली स्थापित हुनुपर्दछ भन्ने हाम्रो मान्यता छ। साथै, निर्वाचनैपिच्छे निर्वाचन क्षेत्र परिवर्तन गर्ने अवसरवादी प्रवृत्तिको अन्त्य गरिने छ। एकपटक जहाँबाट जनअनुमोदित भयो- त्यहींका जनताको सेवामा समर्पित हुनुपर्ने हाम्रो अडान छ।

**३.३ समृद्धिको मार्गचित्रः** 'कर र घुसको भार हटाऔं, स्वदेशी उत्पादन बढाऔं' नेपाली अर्थतन्त्र करको बोझ र अनुत्पादक ढाँचाले थला परेको छ। ३ करोड जनसंख्याका लागि ७ सय ६१ वटा सरकारको खर्चिलो बोझले गर्दा जनतामा करको भार ४०% सम्म पुगेको छ। हजारौं सरकारी निकाय र 'टेबल पिच्छे नै' हुने भ्रष्टाचारले जनतामाथि ठूलो आर्थिक बोझ थपेको छ। यो बेथिति अन्त्य गर्न अब तीनवटै तहका सरकारको स्वरूपलाई छरितो, पारदर्शी र नागरिकमैत्री बनाइने छ। सेवा क्षेत्रको तुलनामा उत्पादनमूलक उद्योग (कलकारखाना) लाई

प्राथमिकता दिइने छ। कृषि र उद्योगलाई बढावा दिई आत्मनिर्भर अर्थतन्त्र बनाइने छ। विगतका ठूला भ्रष्टाचार काण्डको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याइने छ र अर्थतन्त्रको ४०% हिस्सा ओगट्ने 'अनौपचारिक अर्थतन्त्र' लाई मूल प्रवाहमा ल्याइने छ। प्रशासनिक झन्झटमुक्त लगानीमैत्री वातावरणका लागि पूर्ण डिजिटल प्रणाली लागू गरिने छ।

**३.४ भौतिक पूर्वाधार, ऊर्जा:** परम्परागत ढिलासुस्तीलाई त्यागेर आधुनिक प्रविधिमार्फत जलविद्युत्को विकास गरिने छ। स्वदेशमा सस्तो बिजुली उपलब्ध गराई औद्योगिक क्रान्ति सुरु गरिने र बढी ऊर्जा निर्यात गरी वैदेशिक मुद्रा आर्जन गरिने छ। भौतिक पूर्वाधारको हकमा गुणस्तरहीन निर्माण र समयमा काम नसक्ने ठेकेदार तथा कर्मचारीलाई कडा कारबाहीको दायरामा ल्याइने छ।

**३.५ परराष्ट्र नीति:** नेपालको परराष्ट्र नीतिलाई केवल राजनीतिक सम्बन्धको साँघुरो घेरामा सीमित नराखी यसलाई देशको आर्थिक कूटनीति र समग्र समृद्धिको मुख्य आधार बनाइने छ। 'छिमेकी बदल्न सकिँदैन' भन्ने यथार्थलाई आत्मसात् गर्दै मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई सुमधुर, प्रगाढ र सन्तुलित राखिने छ। यसअन्तर्गत विदेशस्थित नेपाली दूतावासहरूलाई केवल कूटनीतिक अड्डाका रूपमा मात्र नभई 'लगानी भित्र्याउने केन्द्र' (Investment Hub) का रूपमा विकास गरिने छ। राज्यले वैदेशिक सहायतामा भर पर्नुको सट्टा वैदेशिक प्रत्यक्ष लगानी (FDI) लाई विशेष प्राथमिकता दिँदै आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्ने रणनीति अवलम्बन गर्नेछ।

छिमेकी मुलुकहरू चीन र भारतसँगको सम्बन्धलाई राजनीतिक स्वार्थभन्दा माथि उठाएर विशुद्ध आर्थिक लाभ, व्यापार तथा पारवहन सुविधाको सदुपयोगमा केन्द्रित गरिने छ। राष्ट्रिय हितलाई सर्वोपरि ठानी दुवै छिमेकीसँग सन्तुलित र परिपक्व सम्बन्ध कायम राखिने छ। साथै, नेपाली मौलिक उत्पादनहरू जस्तैः हस्तकला, चिया र

जडीबुटीलाई विश्व बजारमा प्रवर्द्धन गर्न अनि नेपाललाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनाउन सक्रिय एवं प्रभावकारी कूटनीति अपनाइने छ। यसले नेपालको निर्यात क्षमता बढाउनुका साथै वैदेशिक मुद्रा आर्जन र रोजगारी सिर्जनामा समेत महत्वपूर्ण योगदान पुऱ्याउने छ।

**३.६ सामाजिक न्याय र समतामूलक समाजः** जात, धर्म, लिङ्ग वा भूगोलका आधारमा हुने विभेद अन्त्य गरी राज्यका हरेक संरचनामा आम जनताको समान पहुँच सुनिश्चित गरिने छ। श्रमिकको सम्मान, किसानलाई पेन्सनसहित मल, बीउ र बजारको ग्यारेन्टी तथा दलित एवं पिछडिएका वर्गका लागि विशेष अवसर प्रदान गरिने छ। शिक्षा र स्वास्थ्यलाई गुणस्तरीय अनि सर्वसुलभ बनाउन राज्यको दायित्व बढाइने छ।

**३.७ विकास र सेवाको नमुनाः मौलापुर र काठमाडौंको तुलनाः** मौलापुर र काठमाडौंको तुलनाः आम जनता पार्टीले नेतृत्व गरेको मौलापुर नगरपालिका र 'नयाँ पुस्ताका स्वतन्त्र' भनिएका व्यक्तिले नेतृत्व गरेको नगरपालिकाको कार्यसम्पादन तुलना गर्दा 'शासन' र 'सेवा' बीचको फरक स्पष्ट झल्किन्छ। काठमाडौंलगायतका अधिकांश स्थानीय तह शासनको बल-प्रयोगबाट प्रेरित छन् भने मौलापुर नगरपालिका प्रेम र विश्वासको नीतिमा आधारित छ। रौतहटको मौलापुर 'शून्य कर' भएको नगरपालिका हो। यहाँ विद्युत्, सिँचाइ, शिक्षा र पिउने पानीको निःशुल्क व्यवस्था छ।

मौलापुरले शिक्षामा करिब ४० प्रतिशत बजेट छुट्याएको छ र यहाँ नगर प्रहरी होइन- बरु 'नगर मास्टर' र 'नगर डाक्टर' हरू छन्। दलित बस्ती विकास गरी पक्की घर निर्माण गरिएका छन्, जबकि काठमाडौंमा डोजर लगाएर बस्ती उजाड पारिन्छ। मौलापुरले महिला सशक्तीकरणका लागि ग्यास चुल्हो, साइकल, ल्यापटप र छोरीको विवाहमा आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ। यसको

विपरीत, सर्वाधिक कर लिने काठमाडौं महानगरपालिकाले फोहोर फाल्न र सार्वजनिक विद्यालयमा भर्ना हुनसमेत शुल्क लिने गरेको छ- जहाँ शिक्षामा कुल बजेटको १० प्रतिशत पनि छुट्याइएको छैन ।

**३.८ हाम्रो सङ्कल्प र आह्वान:** आगामी निर्वाचन केवल प्रक्रियामात्र नभई 'हिसाब माग्ने' निर्णायक अवसर हो। यदि पुनः तिनै पुराना अनुहार वा 'नक्कली राष्ट्रवादी'हरूलाई चुनियो भने आगामी पुस्ताले ठूलो पछुतो मान्नुपर्नेछ। आम जनता पार्टी (ब्वए) ले माथि उल्लेखित सम्पूर्ण राजनीतिक, आर्थिक, सामाजिक र विकासका मुद्दालाई सरकारमा रहँदा कार्यान्वयन गर्नेछ र बाहिर रहँदा सशक्त खबरदारी गर्नेछ। समर्पणवाद र अवसरवादलाई परास्त गर्दै आमूल परिवर्तनका लागि आजै सङ्गठित बनौं ।

**'कर घटाऔं, घुस हटाऔं; समृद्ध नेपाल निर्माण गरौं !'**

**नक्कलीलाई चिनौं, सक्कली राष्ट्रवादीलाई चुनौं !**

# ४. निर्वाचन घोषणापत्र २०८२ का प्रमुख एजेन्डा

**'देशको अवस्था बदल्न व्यवस्था बदलौं:**
**राष्ट्रिय स्वाधीनता बचाउन सङ्घर्ष गरौं'**

## ४.१ राजनीतिक तथा संवैधानिक सुधार

**उत्तरदायी राजनीति,जनमुखी संविधानः सुशासन र समृद्धिको अभियानः** देशको राजनीतिक स्थिरता र सुशासनका लागि आम जनता पार्टीले महत्वपूर्ण संवैधानिक सुधारका प्रस्ताव अघि सारेको छ। यसअन्तर्गत देशको प्रधानमन्त्री र प्रदेशको मुख्यमन्त्री प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुने व्यवस्था गरिने छ भने प्रतिनिधिसभा र प्रदेशसभाका सदस्यको छनोट पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट हुने छ। नागरिकता नीतिको सम्बन्धमा गैर आवासीय नागरिकतालगायत विदेशीलाई नागरिकता दिने विद्यमान प्रावधान खारेज गरिने छन्। त्यस्तै, कुल गार्हस्थ्य उत्पादन (GDP) को २०% भन्दा बढी कर लगाउन नपाउने गरी संवैधानिक सीमा तोकिने छ।

संघीयतालाई वास्तविक अर्थमा कार्यान्वयन गर्न प्रदेशहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाइने छ र प्राकृतिक स्रोतको बाँडफाँटमा प्रदेशको हिस्सा वृद्धि गरिने छ। स्थानीय तहको पुनर्संरचना गर्दै पालिकाहरूको सङ्ख्या घटाइने छ र बजेट वृद्धि गरिने छ। स्थानीय तहमा कानुन निर्माण र कर लगाउने अधिकारमा एकरूपता ल्याउन सम्बन्धित प्रदेशसभालाई स्थानीय कानुन निर्माण र व्यवस्थापिका नियन्त्रणको अधिकार दिइने छ। स्थानीय तहलाई राजनीतिक गुटबन्दीबाट मुक्त राख्न वडा अध्यक्ष र स्थानीय तहका उम्मेदवारहरू स्वतन्त्र रूपमा चुनाव लड्नुपर्ने 'दलरहित स्थानीय सरकार' को अवधारणा कार्यान्वयन गरिने छ।

निर्वाचित प्रतिनिधिले चित्तबुझ्दो काम नगरेमा कार्यकालको बीचमै जनताले फिर्ता बोलाउन पाउने 'राइट टु रिकल' (Right to Recall) को अधिकार सुनिश्चित गरिने छ। भ्रष्टाचारीमाथि जनताको प्रत्यक्ष निगरानी र नियन्त्रण रहने विशेष कानुनी संरचना बनाइने छ।

राजनीतिक क्षेत्रमा आमूल परिवर्तनका लागि मतपत्रमा कुनै पनि उम्मेदवार उपयुक्त नलागे 'नो भोट' (No Vote) को कानुनी व्यवस्था गरिने छ। ७० वर्ष नाघेका व्यक्तिलाई प्रधानमन्त्री वा मन्त्रीजस्ता कार्यकारी पदमा बस्न नपाउने व्यवस्था लागू गरिने छ। राष्ट्रिय महत्वका विषयमा आम जनताले डिजिटल माध्यमबाट प्रत्यक्ष जनमत सङ्ग्रह (Referendum) मार्फत निर्णय दिन पाउने प्रणाली विकास गरिने छ। संवैधानिक निकायहरुको ब्यापक पुर्नसंरचना गरिनेछ र यस्ता निकायमा नियुक्ति र कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा सुधार गरिने छ।

## ४.२ आर्थिक नीतिः कर कटौती र भ्रष्टाचार निर्मूल रणनीति

**कर र घुस हटाऊः उत्पादन बढाऊः** नेपालको आर्थिक अवस्थालाई सुदृढ बनाउन सरकारी, निजी र सहकारी क्षेत्रको 'तीनखम्बे अर्थनीति'लाई थप मजबुत बनाउँदै बजारमुखी अर्थतन्त्रलाई प्राथमिकता दिइने छ। उत्पादनमुखी र प्रविधिमैत्री नीतिमार्फत राष्ट्रिय अर्थतन्त्र उकास्न दैनिक उपभोग्य वस्तु, कृषि सामग्री, शिक्षा र स्वास्थ्य क्षेत्रमा 'शून्य तथा न्यून कर' को अवधारणा लागू गरिने छ- जसका लागि मौलापुर नगरपालिकाको सफल मोडललाई देशव्यापी रूपमा विस्तार गरिने छ। कर र घुस हटाऊः उत्पादन बढाऊ। शुन्य कर नीति उत्पादनमा बृद्धिको नीति लिईनेछ।

सरकारी सेवामा मानवीय हस्तक्षेप (Human Interface) लाई शून्यमा झार्न पूर्ण डिजिटल प्रणाली अपनाइने छ- जसले भ्रष्टाचार र घुसखोरीको सम्भावनालाई जरैदेखि अन्त्य गर्नेछ। करको दर घटाएर लगानीकर्तालाई आकर्षित गर्ने र करको दायरा फराकिलो बनाउँदै

उद्योग दर्ताका लागि 'सिंगल विन्डो सिस्टम' लाई प्रभावकारी बनाइने छ। प्रशासनिक बोझलाई हटाएर चुस्त र छरितो संरचना निर्माण गर्नुका साथै वैदेशिक लगानीका लागि सरल अनि लचिलो नीति अवलम्बन गरिने छ। साना उद्योग र उद्यमशीलतालाई विशेष प्रोत्साहन दिँदै वित्तीय शोषणको अन्त्य तथा पीडितका लागि न्याय सुनिश्चित गरिनेछ। सहकारी ठगी नियन्त्रण गर्न 'बचत सुरक्षा कोष' स्थापना गरी पीडितको रकम फिर्ता गरिने छ, वित्तिय शोषणको अन्त्य र पिडितलाई न्याय दिलाईनेछ।

## ४.३ परराष्ट्र नीति; आर्थिक कूटनीति

परराष्ट्र नीतिलाई केवल राजनीतिक सम्बन्धमा मात्र सीमित नराखी देशको आर्थिक समृद्धि र कूटनीतिसँग प्रत्यक्ष जोडिने छ। 'छिमेकी बदल्न सकिँदैन' भन्ने शाश्वत सत्यलाई आत्मसात् गर्दै मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई सुमधुर, प्रगाढ र सन्तुलित राखिने छ। यसअन्तर्गत विदेशस्थित नेपाली दूतावासहरूलाई 'लगानी भित्र्याउने केन्द्र' का रूपमा विकास गर्दै वैदेशिक सहायताको सट्टा वैदेशिक प्रत्यक्ष लगानी (FDI) लाई प्राथमिकता दिइने छ। छिमेकी मुलुकद्वय चीन र भारतसँगको सम्बन्धलाई राजनीतिक स्वार्थभन्दा माथि उठाई विशुद्ध आर्थिक लाभ, व्यापार र पारवहनका लागि सदुपयोग गरिने छ। साथै, नेपाली उत्पादनहरू जस्तैः हस्तकला, चिया र जडीबुटीलाई विश्व बजारमा पुऱ्याउन तथा पर्यटन प्रवर्द्धन गर्न सक्रिय एवं प्रभावकारी आर्थिक कूटनीति (Economic Diplomacy) अपनाइने छ।

## ४.४ भ्रष्टाचार नियन्त्रण र सुशासन

**आम जनताको शासन; भ्रष्टाचारमुक्त प्रशासन :** वि.सं. २०७२ पछिका सबै राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र उच्चपदस्थ कर्मचारीको सम्पत्ति छानबिन गर्न शक्तिशाली स्वतन्त्र आयोग गठन गरिने छ र स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरिने छ। एनजीओ र

आईएनजीओमार्फत हुने विकासलाई स्थानीय आवश्यकताका आधारमा प्राथमिकता दिइने छ ।

राजनीतिक नेता वा व्यक्तिगत नाममा खोलिएका प्रतिष्ठानमा सरकारी बजेट नियन्त्रण गरिने छ र विगतको लगानीमा सरकारको स्वामित्व कायम गरिने छ । राज्यका हरेक खर्च र ठेक्कापट्टाको विवरण अनलाइन पोर्टलमा सार्वजनिक गरिने छ । भ्रष्टाचारमा दोषी ठहरिएकालाई कडा कानुनअनुसार कारबाही गरिनेछ । 'जननिगरानी आयोग' मार्फत घुसखोरी नियन्त्रणमा जनताको प्रत्यक्ष हस्तक्षेप, ह्विसलब्लोअर (Whistleblower) र सामूहिक सुपरीवेक्षण सुनिश्चित गरिने छ ।

राष्ट्रसेवक कर्मचारीहरुलाई पर्याप्त तलव सुविधा दिई गुणस्तरीय सेवा र विकास निर्माणका कार्यमा उत्प्रेरित गरिनेछ । अनियिमतिता र भ्रष्टाचारमा संलग्न हुने, पेशागत मर्यादा पालना नगर्ने र सेवाप्रति उदासिन कर्मचारीलाई कानूनी कारवाही गरिनेछ । सरकारी काम कारवाहीहरु पारदर्शी र सरकारी निकायहरुलाई राज्यप्रति जवाफदेही बनाईनेछ । **सुशासनको आधारः पारदर्शी एवं जनउत्तरदायी सरकार**को अवधारणा कार्यान्वयनमा ल्याईनेछ ।

## ४.५ न्यायपालिकामा सुधारः जनविश्वासको आधार

नेपालको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष र पहुँचयोग्य बनाउन न्यायाधीश नियुक्तिको प्रक्रियाबाटै व्यापक सुधारको थालनी गरिने छ । न्यायालयप्रतिको जनआस्था पुनर्जीवित गर्न न्यायपरिषद्को विद्यमान संरचनामा परिमार्जन गरी न्यायाधीश नियुक्तिलाई योग्यता, क्षमता र पारदर्शिताका आधारमा सुनिश्चित गरिने छ । अदालतमा वर्षौंदेखि थुप्रिएका मुद्दाको यथाशीघ्र फर्स्योटका लागि 'क्यालेन्डर' प्रणालीसहितको निश्चित कार्यतालिका लागू गरिने छ भने सर्वोच्च अदालतको कार्यबोझ न्यून गर्न संवैधानिक इजलासलाई व्यवस्थित बनाइने नीति लिईनेछ ।

न्यायिक निकायमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्न कडा निगरानी संयन्त्र र 'अटोमेशन' (स्वचालन) प्रविधिको विकासलाई अनिवार्य बनाइने छ । न्यायपालिकालाई पूर्णतः डिजिटल प्रविधिसँग जोड्दै भौतिक पूर्वाधारको सुदृढीकरण गर्ने र नेतृत्व तहमा महिला तथा सीमान्तकृत समुदायको अर्थपूर्ण समावेशीकरण सुनिश्चित गरिने छ । यी सुधारका कदमले मात्र नेपालको न्याय प्रणालीलाई एक आधुनिक, लोकतान्त्रिक र जनउत्तरदायी स्वरूप प्रदान गर्नेछन् ।

## ४.६ कृषि, सिँचाइ र वातावरण

**आधुनिक कृषि र सिँचाइः किसानलाई पेन्सन,ढुक्कको कमाइ :** नेपाली कृषि उत्पादनलाई भारत र चीनको आयातभन्दा सस्तो तथा नाफामूलक बनाइने छ। हरेक निर्वाचन क्षेत्रमा ड्रोन र सेन्सरसहितको 'स्मार्ट कृषि फार्म' स्थापना गरिने छ। बाँझो र टुक्रा जमिन एकीकृत गरी व्यावसायिक खेती गर्न 'भूमि बैंक' को अवधारणा लागू गरिने छ। कृषिमा आधुनिकीकरण र ब्यवसायिकरण गरि कृषि पेशामा युवापुस्तालाई आकर्षित गरिनेछ । हरेक वडामा शीतभण्डार (Cold Storage) निर्माण नीति लिईने छ। कृषि अनुदान सिधै किसानको बैंक खातामा (DBT) पठाउने व्यवस्था मिलाइने छ। किसानहरूको डिजिटल प्रोफाइल (Digital ID) तयार गरी बिमा र बजारको विवरण मोबाइलमै उपलब्ध गराइने छ। किसानलाई मासिक पेन्सनको व्यवस्था गरिने छ।

सिँचाइतर्फ प्रविधिमा आधारित (Sensor–based) प्रणाली अपनाउने किसानलाई सहुलियत दिइने छ। चुरे क्षेत्रको संरक्षण गर्दै तराईको मरुभूमीकरण रोक्न वैज्ञानिक तटबन्ध र बृहत् वृक्षरोपण कार्यक्रम सञ्चालन गरिने छ। जडीबुटी प्रशोधन तथा वन पैदावार स्थानीय उद्योग स्थापना गरी 'ग्रीन इकोनोमी' को विकास गरिने छ।

## ४.७ युवा र रोजगारी

**हर हातमा हुनर र युवालाई रोजगार :** आम जनता पार्टीले 'हर हातमा हुनर र युवालाई रोजगार' को मुख्य लक्ष्यसहित युवा, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा व्यापक सुधारका योजना अघि सारेको छ। सामाजिक सुरक्षाअन्तर्गत काम गर्ने उमेरका हरेक नागरिकलाई रोजगारीको ग्यारेन्टी  वा रोजगारी नपाउन्जेल बेरोजगारी भत्ता दिने व्यवस्था गरिने छ।

'एक घर, एक रोजगारी' को नारासहित युवालाई उच्च प्रविधियुक्त तालिम प्रदान गरी नेपाललाई 'Global IT Hub' बनाउने लक्ष्य राखिएको छ। यसका साथै नवीन सोच भएका युवालाई बिनाधितो १० देखि २५ लाख रुपैयाँसम्म बीउ पुँजी' (Seed Money) उपलब्ध गराइने छ र हरेक स्नातक (Graduate) विद्यार्थीले सम्बन्धित बिषयक्षेत्रको कम्तीमा एउटा प्राविधिक सीप सिक्नै पर्ने अनिवार्य नीति लागू गरिने छ- जसले गर्दा स्वदेशमै रोजगारी सिर्जना भई वैदेशिक निर्भरता अन्त्य हुने छ। पूर्ण रोजगारीको लागि गुणस्तरीय उच्च प्राविधिक शिक्षा र विज्ञतामा प्राथमिकता दिईनेछ।

## ४.८ शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा

**'निःशुल्क स्वास्थ्य, सीपमूलक शिक्षाः कोही नछुट्ने सामाजिक सुरक्षा :** शिक्षामा साक्षरता, गुणस्तरीय शिक्षा र उच्च प्राविधिक शिक्षाको नीति लिईनेछ। विज्ञ उच्च प्राविधिक जनशक्ति विकासमा जोड दिईनेछ। गुणस्तरीय शिक्षाका लागि आधुनिक पूर्वाधारको व्यवस्था गरिनेछ। नेपाललाई छोटो अवधीमा पूर्ण साक्षर राष्ट्र बनाईनेछ। शिक्षा र खेलकुदको विकासका लागि सरकारी विद्यालयमा 'स्मार्ट क्लासरुम' को व्यवस्था गरिने छ। 'एक घर, एक प्राविधिक' र 'एक स्थानीय तह, एक खेलग्राम' को नीतिमार्फत युवाहरूको शारीरिक तथा मानसिक विकासमा विशेष जोड दिइने छ। हरेक नगरमा खेल मैदानः खेलाडीलाई उच्च सम्मानको नीति लिईनेछ।

स्वास्थ्यतर्फ हरेक पालिकामा सुविधासम्पन्न अस्पताल र विशेषज्ञ चिकित्सकको सेवा सुनिश्चित गरिने छ। नागरिकको स्वास्थ्य विवरणलाई 'डिजिटल हेल्थ कार्ड' मा सुरक्षित राख्ने प्रणालीको विकास गरिनुका साथै स्वास्थ्य बीमालाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ। गम्भीर रोगहरूको उपचार पूर्णतः निःशुल्क गर्ने व्यवस्था मिलाइने छ। नगर नगरमा मोडेल अस्पतालको व्यवस्था गरिनेछ। 'एक घर, एक धारा' र पूर्ण सरसफाइ अभियानलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालन गरिने छ। साथै घरघरमा नाला र बस्ती बस्तीमा ढलको ब्यवस्था गरिनेछ।

महिला सशक्तीकरणका लागि विशेष अभियान चालिने छ। मौलापुरले महिला सशक्तीकरणका लागि घरघरमा ग्यास चुल्हो, छात्राहरुलाई साइकल, ल्यापटप र छोरीको विवाहमा आर्थिक सहायता उपलब्ध गराउँदै आएको जस्तो कार्यक्रम देशैभरी संचालन गरिनेछ। साथै, महिला उद्यमीलाई बिनाधितो सहुलियतपूर्ण ऋण उपलब्ध गराई उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर र सबल बनाउने नीति लिइने छ।

## ४.९ पूर्वाधार विकास, आवास, ऊर्जा र जल व्यापार

**हरेक गाउँमा आधुनिक सडक, समृद्धिको नयाँ गौरवः** सबै मुख्य राजमार्गको समानान्तरमा उच्च गतिको 'अप्टिकल फाइबर' बिछ्याई डिजिटल करिडोर निर्माण गरिने छ। मुख्य राजमार्गहरुको बिस्तार र स्तरोन्नती गरिनेछ। सडक निर्माण सुधार गर्दा यातायातको सुरक्षा पक्षलाई बिशेष ध्यान दिइनेछ। यातायात क्षेत्रको सुरक्षाको लागि उच्च प्रविधिबाट नियमित निगरानी हुने व्यवस्था मिलाईनेछ। ठूला शहरहरुमा सार्वजनिक पार्किङ.गको व्यवस्था गरिनेछ। सार्वजनिक निर्माणलाई 'ब्लकचेन' प्रविधिमा आधारित पारी भ्रष्टाचार र ढिलासुस्ती अन्त्य गरिने छ। ठूला सहरको योजनाबद्ध विकासका लागि 'डिजिटल ट्विन' (सहरको हुबहु डिजिटल नक्सा) तयार गरी पूर्वाधार र ट्राफिक व्यवस्थापनलाई वैज्ञानिक बनाइने छ। पटक/पटक सडक खन्ने

समस्या समाधान गर्न 'युटिलिटी करिडोर' निर्माण गरिने छ। बैकल्पिक उर्जा प्रबर्द्धनमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ। विद्युत उत्पादन तथा निर्यातक गरी सेतो सुनको ब्यापारको नीति लिईनेछ।

**गरिबलाई मकानः नयाँ नयाँ बस्ती निर्माणः** गरिवलाई आवास र भूमिहीनलाई जमिनको ब्यवस्था गरिनेछ। भूमिहीन र न्यून आय भएका वर्गका लागि 'भर्टिकल हाउजिङ'को अवधारणामा सामूहिक आवास निर्माण र घडेरीको लागि जमिन वितरण गरिने छ। परम्परागत र असुरक्षित घर तथा बस्तीलाई आधुनिक र सुरक्षीत बस्ती निर्माणको नीति लिईनेछ। ल्याण्डपुलिङ.गको मार्फत नयाँ शहरहरु निर्माण गरिनेछ। सहरी फोहोरलाई 'वेस्ट टु इनर्जी' प्रविधिमार्फत ऊर्जामा रूपान्तरण गरिने छ र 'एक घर, दुई रुख' को नीति कडाइका साथ लागू गरिने छ। हिमाली जलस्रोतलाई 'वाटर ट्रेडिङ' मार्फत अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने र 'Himalayan Origin' पिउने पानीको उद्योग विकास गरिने छ।

## ४.१० सञ्चार, संस्कृति तथा पर्यटन

**'सञ्चारमा पहुँच, पर्यटनमा क्रान्तिः सांस्कृतिक जगेर्ना, देशको उन्नति':** देशैभर 5G प्रविधि र सस्तो इन्टरनेटको पहुँच विस्तार गर्दै मजबुत इन्टरनेट र निःशुल्क वाईफाईको व्यवस्था गरिने छ। सरकारी सेवालाई पूर्ण रूपमा 'फेसलेस' र 'पेपरलेस' बनाई भ्रष्टाचार शून्य पारिने छ। हवाई क्षेत्रको सुधारका लागि नेपाल वायुसेवा निगमको पुनःसंरचना गरी आन्तरिक उडानलाई सुलभ र सहज बनाइने छ। पर्यटन प्रवर्द्धनका लागि 'सातै प्रदेश, सात गन्तव्य' अभियान सञ्चालन गरिने छ। यसका साथै, नेपालका विभिन्न ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्वका क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने छ। पर्यटनलाई मुख्य आम्दानीको श्रोत बनाईनेछ।

## ४.११ राष्ट्रिय सुरक्षा

**'प्रविधिमैत्री सुरक्षा, उच्च मनोबलः राष्ट्रिय हितको निम्ति सधैँ सबलः**
नेपालका सबै सुरक्षा निकायमा मुलुकमा हुन सक्ने अप्रत्याशित घटनाको सूक्ष्म अध्ययन, अभिलेख व्यवस्थापन र निवारक उपाय (Preventive Measures) सहित प्रभावकारी प्रतिकार गर्न सक्ने व्यावसायिक कौशल र क्षमताको विकास गरिने छ। राष्ट्रिय सुरक्षाका लागि 'साइबर सुरक्षा कमान्ड' स्थापना गरिने छ र प्रहरीलाई आधुनिक प्रविधि, फरेन्सिक ल्याब र ड्रोन निगरानी प्रणालीले सुसज्जित गरी 'स्मार्ट पुलिसिङ' लागू गरिने छ। सीमा सुरक्षामा सीसीटीभी र सेन्सर प्रविधि बढाई सीमा सुरक्षा बल (APF) लाई आधुनिक बनाइने छ। साथै राष्ट्रिय सुरक्षामा आम नागरिकको सहयोग र सीमा सुरक्षामा स्थानीय नागरिकहरुलाई सहभागि गराइनेछ । स्थानीय तहसम्म 'डिजिटल अर्ली वार्निङ सिस्टम' जडान गरी विपद् व्यवस्थापन गरिने छ।

# प्रमुख चुनावी नाराहरू

- भ्रष्टाचार अन्त्य गर्न जेन्जीहरू सडकमा आयो ! बिद्रोहको आगो बालि आशाको दिप जलायो !!
- छातिमा गोली थापि राज्य सत्ता हल्लायो ! दुई तिहाईको सरकारलाई चकनाचुर बनायो !!
- जेन्जीको सहादतलाई सबले सम्मान गरौं ! देश बनाउन यसपालि मोबाईलमा मतदान गरौं !!
- 'युवालाई काम, बूढा नेतालाई आराम
- 'खल्तीमा मोबाइल, मोबाइलमै रासन– भ्रष्टाचारमुक्त हुने छ अबको शासन !'
- 'यसपटकः आम जनताको सरकार, समृद्धिको डिजिटल आधार !'
- सुशासन, समृद्धि, बदलाव र विकास ! मोबाईल छाप नै हो अबको निकास !!
- गुणस्तरीय शिक्षा, निःशुल्क उपचार ! मोबाईलमा मतदान, जनताको सरकार !!
- सिस्टम सुधार, स्थिर सरकार । आजपा नै हो समृद्धिको आधार ॥

◆◆

# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## आम जनता पार्टीका प्रत्यक्ष उम्मेदवारहरु

| क.सं | जिल्ला | नि.क्षे.नं. | नामथर |
|---|---|---|---|
| १ | भोजपुर | १ | युवराज थापा |
| २ | धनकुटा | १ | प्रेम बहादुर थापा |
| ३ | मोरङ | ३ | कमल कुमार राई |
| ४ | मोरङ | ४ | अशोक शर्मा |
| ५ | मोरङ | ६ | बद्री पासवान |
| ६ | सुनसरी | १ | राम बहादुर विष्ट |
| ७ | सुनसरी | २ | निरन्जन ठाकुर |
| ८ | सुनसरी | ३ | रोहन कुमार शाह |
| ९ | सुनसरी | ४ | तवरेज आलम अंसारी |
| १० | सोलुखुम्बु | १ | गुणराज एफ भट्टराई |
| ११ | उदयपुर | १ | मनोज कुमार पौडेल |
| १२ | उदयपुर | २ | बम बहादुर मगर |
| १३ | सप्तरी | १ | कौशल साह |
| १४ | सप्तरी | २ | सुनिल राज दास |
| १५ | सप्तरी | ३ | धनिक लाल चौधरी |
| १६ | सप्तरी | ४ | अनिता कुमारी चौधरी |
| १७ | सिरहा | १ | संजीव कुमार सिंह |
| १८ | सिरहा | २ | विल्टु यादव |
| १९ | सिरहा | ३ | ज्ञानु देवी दनुवार |
| २० | धनुषा | १ | इन्द्रजित साफी |
| २१ | धनुषा | ३ | प्रदिप विक्रम साह |
| २२ | धनुषा | ४ | सम्पत महतो कोइरी |

| क.सं | जिल्ला | नि.क्षे.नं. | नामथर |
|---|---|---|---|
| २३ | महोत्तरी | १ | मुकेश साह |
| २४ | महोत्तरी | २ | रमण कुमार कर्ण |
| २५ | महोत्तरी | ३ | कैलाश महत्तो |
| २६ | महोत्तरी | ४ | सिलम देवी यादव |
| २७ | सर्लाही | १ | मो. अस्फाक |
| २८ | सर्लाही | २ | चन्द्र भुषण साह |
| २९ | सर्लाही | ४ | रिंकी कुमारी साह |
| ३० | रौतहट | १ | त्रिभुवन साह |
| ३१ | रौतहट | २ | श्रीभगवान राउत कुर्मी |
| ३२ | रौतहट | ३ | प्रभु साह |
| ३३ | रौतहट | ४ | ऋषीराज धमला |
| ३४ | बारा | १ | बिजय यादव |
| ३५ | बारा | २ | आत्माराम प्रसाद साह |
| ३६ | बारा | ३ | लक्ष्मण लामा |
| ३७ | बारा | ४ | उमेश कुमार कुश्वाहा |
| ३८ | पर्सा | १ | विश्वराज पटेल |
| ३९ | पर्सा | २ | रंजु कुमारी साह |
| ४० | पर्सा | ३ | मोहम्द ईस्तखार |
| ४१ | पर्सा | ४ | ईमदाद गद्दी |
| ४२ | दोलखा | १ | सुक्र तामाङ |
| ४३ | रामेछाप | १ | पदम बहादुर तामाङ |
| ४४ | धादिङ | १ | जालपा देवि रेग्मी |
| ४५ | धादिङ | २ | नन्द प्रसाद काप्री |
| ४६ | नुवाकोट | २ | मान सिङ गदाईली |
| ४७ | काठमाडौं | १ | कमल सुवेदी |

| क.सं | जिल्ला | नि.क्षे.नं. | नामथर |
|---|---|---|---|
| ४८ | काठमाडौं | २ | तिलक बहादुर मगर |
| ४९ | काठमाडौं | ३ | रुप सागर देवी |
| ५० | काठमाडौं | ४ | केम्श सिंह |
| ५१ | काठमाडौं | ५ | कोमल पौडेल |
| ५२ | काठमाडौं | ६ | सफलता बोगटी |
| ५३ | काठमाडौं | ७ | प्रदिप भट्टराई |
| ५४ | काठमाडौं | ८ | खगेश रंजितकार |
| ५५ | काठमाडौं | ९ | ईरस श्रेष्ठ |
| ५६ | भक्तपुर | १ | देबेन्द्र ठाकुर |
| ५७ | भक्तपुर | २ | देवकुमारी साह |
| ५८ | ललितपुर | १ | किरण महर्जन |
| ५९ | ललितपुर | २ | लखिन्द्र कुमार साह |
| ६० | सिन्धुपाल्चोक | १ | पासाङ्ग तामाङ्ग |
| ६१ | सिन्धुपाल्चोक | २ | गणेश बहादुर श्रेष्ठ |
| ६२ | मकवानपुर | २ | सूर्य राई |
| ६३ | चितवन | २ | देवी कुमारी मगर |
| ६४ | गोरखा | २ | कल्पना कुमाल |
| ६५ | लमजुङ | १ | मिलन वास्कोटा |
| ६६ | कास्की | १ | हर्क बहादुर थापा |
| ६७ | कास्की | ३ | कुसल थापा क्षेत्री |
| ६८ | तनहुँ | १ | चिजा माया अधिकारी |
| ६९ | नवलपुर (नवलपरासी पूर्व) | २ | लक्ष्मी सोमै मगर |
| ७० | मुस्ताङ | १ | अजय बि.क |
| ७१ | पर्वत | १ | पवित्रा मल्ल |

| क्र.सं | जिल्ला | नि.क्षे.नं. | नामथर |
|---|---|---|---|
| ७२ | गुल्मी | १ | सिखा रेश्मी |
| ७३ | अर्घाखाँची | १ | दुर्ग बहादुर भाट क्षेत्री |
| ७४ | नवलपरासी (पश्चिम) | १ | माया कुमारी थापा |
| ७५ | नवलपरासी (पश्चिम) | २ | ध्रुव प्रसाद कहार |
| ७६ | रुपन्देही | १ | बदरु दोजा फकीर |
| ७७ | रुपन्देही | ३ | राधेश्याम तेली गुप्ता |
| ७८ | रुपन्देही | ४ | ज्योती थापा |
| ७९ | रुपन्देही | ५ | खेम प्रसाद गुरुङ्ग |
| ८० | कपिलवस्तु | १ | शिव बहादुर दर्जी |
| ८१ | कपिलवस्तु | २ | प्रेम बहादुर वि.क |
| ८२ | कपिलवस्तु | ३ | मोहम्मद रफिक मियाँ |
| ८३ | रोल्पा | १ | दील बहादुर कामी |
| ८४ | प्युठान | १ | रोम बहादुर थापा मगर |
| ८५ | दाङ | १ | सिताराम यादव |
| ८६ | दाङ | २ | कृष्ण बहादुर सुनार |
| ८७ | दाङ | ३ | पाण्डवी नेपाली |
| ८८ | बाँके | २ | अब्दुल उमर साई |
| ८९ | बाँके | ३ | बिधा शर्मा |
| ९० | बर्दिया | १ | दत्ता थारु |
| ९१ | बर्दिया | २ | रामेश्वर चौधरी |
| ९२ | सल्यान | १ | मानसिंगे कामी |
| ९३ | दैलेख | १ | मेनका श्रेष्ठ |
| ९४ | दैलेख | २ | तिर्था कुमारी बशीं मगर बि.क. |
| ९५ | सुर्खेत | १ | रमेश सेन्चुरी |

| क्र.सं | जिल्ला | नि.क्षे.नं. | नामथर |
|---|---|---|---|
| ९६ | पश्चिम-रुकुम | १ | प्रेमा दमाई नेपाली |
| ९७ | कैलाली | १ | रुपा कुमारी चौधरी |
| ९८ | कैलाली | २ | खगेन्द्र बहादुर रावत |
| ९९ | कैलाली | ५ | देव सिंह बिष्ट |
| १०० | दार्चुला | १ | प्रेम सिंह बडाल |
| १०१ | बैतडी | १ | विसन सिंह वोहरा |
| १०२ | डडेल्धुरा | १ | खडक बहादुर ठकुराठी |
| १०३ | कञ्चनपुर | १ | सिता वि.क. |
| १०४ | कञ्चनपुर | २ | जग्गु चौधरी |
| १०५ | कञ्चनपुर | ३ | लक्ष्मी कुमारी विष्ट भट्ट |

# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

# आम जनता पार्टीका समानुपातिक उम्मेदवारहरु

| क्र.सं | जिल्ला | नामथर | समुह पहिचान |
|---|---|---|---|
| १ | कास्की | चेत बहादुर कुमाल | आदिवासी जनजाति |
| २ | बारा | श्री काजी मोक्तान | आदिवासी जनजाति |
| ३ | सिन्धुपाल्चोक | अजय बहादुर तामाङ | आदिवासी जनजाति |
| ४ | मोरङ | निशान तामाङ | आदिवासी जनजाति |
| ५ | पाँचथर | भिम बहादुर योङया | आदिवासी जनजाति |
| ६ | कास्की | पूर्ण गुरुङ | आदिवासी जनजाति |
| ७ | काभ्रेपलाञ्चोक | सोनाम तामाङ | आदिवासी जनजाति |
| ८ | मकवानपुर | अबमिपल घलान | आदिवासी जनजाति |
| ९ | भोजपुर | श्री कृष्ण श्रेष्ठ | आदिवासी जनजाति |
| १० | काठमाडौं | कन्चन महर्जन | आदिवासी जनजाति |
| ११ | भोजपुर | निमा शेर्पा | आदिवासी जनजाति |
| १२ | भोजपुर | कृष्ण बहादुर तामाङ | आदिवासी जनजाति |
| १३ | काठमाडौं | दया राम प्रजापती | आदिवासी जनजाति |
| १४ | काठमाडौं | विकास श्रेष्ठ | आदिवासी जनजाति |
| १५ | सुनसरी | नेत्र कुमार श्रेष्ठ | आदिवासी जनजाति |
| १६ | मोरङ | प्रतिमा थापा मगर | आदिवासी जनजाति |
| १७ | धनकुटा | सर्मिला लिम्बु | आदिवासी जनजाति |
| १८ | मोरङ | लुजा राई | आदिवासी जनजाति |
| १९ | सिन्धुपाल्चोक | अस्मिता लामा | आदिवासी जनजाति |
| २० | काभ्रेपलाञ्चोक | भावना तामाङ | आदिवासी जनजाति |
| २१ | सिन्धुपाल्चोक | नानु माया तामाङ | आदिवासी जनजाति |
| २२ | मोरङ | सरिता तामाङ | आदिवासी जनजाति |

| क.सं | जिल्ला | नामथर | समुह पहिचान |
|---|---|---|---|
| २३ | मोरङ | आशा श्रेष्ठ | आदिवासी जनजाति |
| २४ | गोरखा | कुमारी कुमाल | आदिवासी जनजाति |
| २५ | मकवानपुर | लक्ष्मी घलान (अन्य) | आदिवासी जनजाति |
| २६ | झापा | जान्ती राजबंशी | आदिवासी जनजाति |
| २७ | गोरखा | हिमा गुरुङ | आदिवासी जनजाति |
| २८ | काठमाडौँ | उमा श्रेष्ठ | आदिवासी जनजाति |
| २९ | धनकुटा | माया दनुवार | आदिवासी जनजाति |
| ३० | सुर्खेत | हरिसरा रजाली मगर | आदिवासी जनजाति |
| ३१ | सुनसरी | अन्जना राई (ठाकुर) | आदिवासी जनजाति |
| ३२ | गुल्मी | पुनाराम ज्ञवाली | खस आर्य |
| ३३ | मोरङ | गणेश प्रसाद चौलागाईं | खस आर्य |
| ३४ | दार्चुला | विक्रम बहादुर बम | खस आर्य |
| ३५ | बाजुरा | गणेश बहादुर रोकाया | खस आर्य |
| ३६ | काभ्रेपलाञ्चोक | नमराज ढुङ्गना | खस आर्य |
| ३७ | काठमाडौँ | निरन्जन पौडेल | खस आर्य |
| ३८ | काभ्रेपलाञ्चोक | संजिव सापकोटा | खस आर्य |
| ३९ | सुनसरी | भानुभक्त कोइराला | खस आर्य |
| ४० | झापा | सतिश कुमार अधिकारी | खस आर्य |
| ४१ | रुपन्देही | डम्वर राज पन्त | खस आर्य |
| ४२ | कालिकोट | मणि प्रसाद चौलागाई | खस आर्य |
| ४३ | बाँके | सालिक राम पाठक | खस आर्य |
| ४४ | धनकुटा | शिव कुमार थापा | खस आर्य |
| ४५ | कास्की | भोज राज त्रिपाठी | खस आर्य |
| ४६ | काठमाडौँ | किरण सुबेदी | खस आर्य |
| ४७ | कास्की | भिमसेन शाह | खस आर्य |

| क्र.सं | जिल्ला | नामथर | समुह पहिचान |
|---|---|---|---|
| ४८ | तेह्रथुम | एलिजा गौतम | खस आर्य |
| ४९ | उदयपुर | धन माया जोगी | खस आर्य |
| ५० | बाँके | सीता कुमारी रेग्मी योन्जन | खस आर्य |
| ५१ | धादिङ | देवी पण्डित रेग्मी | खस आर्य |
| ५२ | कैलाली | नन्दकला भण्डारी | खस आर्य |
| ५३ | रौतहट | शारदा अर्याल | खस आर्य |
| ५४ | काठमाडौँ | सोविता गोतामे | खस आर्य |
| ५५ | रौतहट | हरिकला कुमारी देवकोटा | खस आर्य |
| ५६ | रुकुम (पश्चिम भाग) | कर्मी केसी | खस आर्य |
| ५७ | रौतहट | विधा सापकोटा | खस आर्य |
| ५८ | मुगु | आशा कुमारी संजेल | खस आर्य |
| ५९ | कालिकोट | गोरीकला आचार्य | खस आर्य |
| ६० | गोरखा | रोशनी अधिकारी | खस आर्य |
| ६१ | काठमाडौँ | बिना तिवारी | खस आर्य |
| ६२ | काठमाडौँ | सुमन सुवेदी | खस आर्य |
| ६३ | सुनसरी | कुमारी भट्टराई | खस आर्य |
| ६४ | रौतहट | शोभा लाल चौधरी | थारू |
| ६५ | बारा | बिजेन्द्र चौधरी | थारू |
| ६६ | बारा | अरुण चौधरी | थारू |
| ६७ | सप्तरी | सरिता चौधरी (थारु) | थारू |
| ६८ | बारा | रन्जु देवी चौधरी | थारू |
| ६९ | मोरङ | बसन्ती सरदार थारु | थारू |
| ७० | रौतहट | ठागा दास | दलित |

| क.सं | जिल्ला | नामथर | समुह पहिचान |
|---|---|---|---|
| ७१ | धादिङ | काल बहादुर विक | दलित |
| ७२ | बारा | राज कनौजिया | दलित |
| ७३ | रौतहट | रामनाथ माझी | दलित |
| ७४ | काठमाडौँ | ध्रुब सुनार | दलित |
| ७५ | महोत्तरी | युवराज विश्वकर्मा | दलित |
| ७६ | सिरहा | अर्जुन विश्वकर्मा | दलित |
| ७७ | रौतहट | विनिता देवी पासवान | दलित |
| ७८ | पर्सा | सन्ध्या देवी | दलित |
| ७९ | महोत्तरी | सकुन्तला कुमारी | दलित |
| ८० | उदयपुर | अनिता सदा | दलित |
| ८१ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | उर्मीला देवी हरिजन | दलित |
| ८२ | बारा | गुडी देवी महरा | दलित |
| ८३ | रौतहट | पनवा देवी | दलित |
| ८४ | सिरहा | राज कुमारी देवी मुसहर | दलित |
| ८५ | रौतहट | राजदेव प्रसाद चौधरी | मधेशी |
| ८६ | पर्सा | श्याम शर्मा | मधेशी |
| ८७ | सप्तरी | मंदीप कुमार लाभ | मधेशी |
| ८८ | महोत्तरी | राम सेवक साह सोनार | मधेशी |
| ८९ | सर्लाही | नवल किशोर साह | मधेशी |
| ९० | पर्सा | शिव प्रसाद साह तेली | मधेशी |
| ९१ | महोत्तरी | रितेश सिंह | मधेशी |
| ९२ | धनुषा | ब्रजित कर्ण | मधेशी |
| ९३ | सर्लाही | अनु कुमारी साह | मधेशी |
| ९४ | सप्तरी | अभिलासा सिंह | मधेशी |

| क.सं | जिल्ला | नामथर | समुह पहिचान |
|---|---|---|---|
| ९५ | सिरहा | मन्जु कुमारी साह | मधेशी |
| ९६ | सोलुखुम्बु | विनु यादव | मधेशी |
| ९७ | रौतहट | किरण देवी | मधेशी |
| ९८ | रौतहट | इन्द्रवती देवी साह | मधेशी |
| ९९ | रौतहट | सुनिता कुमारी महतो | मधेशी |
| १०० | महोत्तरी | रन्जु कुमारी महतो | मधेशी |
| १०१ | महोत्तरी | रंजिता कुमारी देवी | मधेशी |
| १०२ | रौतहट | लालबाबु मंसुरी | मुस्लिम |
| १०३ | पर्सा | आसमहमद मिया धुनिया | मुस्लिम |
| १०४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | अम्बिका देवान (फकिर) | मुस्लिम |
| १०५ | झापा | फरहत बानु | मुस्लिम |